हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

वर्ष : ०१ अंक : २२३ पृष्ठ : ४ | २०७७ चैत्र ०२ गते सोमबार (Monday 15 March 2021) | www.lahanpost.com | मूल्य रु. ५।-

FOLLOW US | facebook: lahanpost | YouTube : lahanpost | twitter : lahanpost | instragram : lahanpost

मो. ९८०५९६१००६

जे.डी.

स्टेशनरी एण्ड स्पोर्टस सेन्टर

लहान-६



यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

# लहान मालपोत कार्यालयमा बम विस्फोट

- *विस्फोटमा आठ घाइते*
- *गोइत समूहले लियो बम विस्फोटको जिम्मा*







**लहान ।** सिरहाको लहान स्थित मालपोत कार्यालयमा आइतबार मध्यान्ह बम विस्फोट हुँदा ८ जना घाइते भएका छन् । लहान नगरपालिका–८ स्थित भाडामा रहेको मालपोत कार्यालयको माथिल्लो तल्लाको मोठ फाँट नजिक मध्यान्ह १२ बजेर ४७ मिनेटमा कुकर बम विस्फोट भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

सेवाग्राहीको चाँप रहने कार्यालयमा भएको विस्फोटमा परी गम्भीर घाइते धनगढीमाई नगरपालिका–४ का दिनेश भण्डारीलाई थप उपचारका लागि सेनाको हेलिकप्टरबाट काठमाडौं लगिएको छ । अर्को गम्भीर घाइते मालपोत कार्यालयका नायव सुब्बा सिरहा विष्णुपुर गाउँपालिका–३ का शिवकुमार यादवलाई थप उपचारका लागि विराटनगर लगिएको छ । यादव मोठ फाँटमा कार्यरत थिए । विस्फोटनमा परी लेखापढी व्यवसायी धनगढीमाई नगरपालिका–१३ का भोला बहादुर पाँचे मगर, गोलबजार नगरपालिका–६ की लक्ष्मी राना, बेचनी मगर, लहान नगरपालिका–१६ का लाल बहादुर विश्वकर्मा, गोलबजार नगरपालिका–४ की फूलकुमारी ठाकुर, भगवानपुर गाउँपालिकाका बद्रि नारायण यादव घाइते भएका छन् । घाइतेको उपचार सप्तऋषि अस्पताल र राउ स्मारक अस्पतालमा भइरहेको इलाका प्रहरी कार्यालय लहानले जनाएको छ ।

मालपोत कार्यालयमा जग्गा सम्बन्धी बुझ्न गएका घाइते लाल बहादुर विश्वकर्माले एक्कासी विस्फोटन हुँदा आफू ढलेको र केही थाहा नभएको बताए । लहानस्थित राउ स्मारक अस्पतालमा उपचार गराईरहेका उनको ढाडमा चोट लागेको छ ।

मालपोत कार्यालय लहानका प्रमुख दिपेन्द्र प्रसाद चौधरीले बम विस्फोटबाट कम्प्युटर, कागजपत्र नष्ट भएको बताए । विस्फोट कसले र किन गरायो भन्ने बारे आफूहरू अनभिज्ञ भएको उनले बताए । घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको

*बाँकी ४ पेजमा*

# बोक्सी आरोपमा वृद्धामाथि निर्घात कुटपिट




**मो**रङमा बोक्सीको आरोपमा वृद्धा महिलामाथि निर्घात कुटपिट भएको छ । रतुवामाइ नगरपालिका - २ घर भएकी ६० वर्षीया महिलालाई छिमेकी परिवारका पाँच जनाले कुटपिट गरेका प्रहरीले जनाएको छ ।

बाँधेर कुटपिट गर्दा वृद्धाको अनुहार, हात, खुट्टा, ढाडलगायत शरीरका विभिन्न भागमा गम्भीर चोट लागेको छ । शुक्रबार राति कुटिएकी वृद्धा महिलाको कोसी अस्पताल विराटनगरमा उपचार भइरहेको छ । कुटपिट र आक्रमणबाट वृद्धा बेहोस भएपछि श्रीमानले प्रहरीलाई खबर गरेका थिए ।

प्रहरीका अनुसार वृद्धामाथि ६५ वर्षीय भीमलालसिंह गनगाई,

*बाँकी ४ पेजमा*




Lahan office: 033-561429, 033-561430 I Mirchaiya: 033550505, I Golbazar: 9801186055, I Kalyanpur: 031-540229

## घर भाडामा चाहिएमा




लहान नगरको महेन्द्र राजमार्गको ३ नं रोडमा सोनालिका ट्र्याक्टरको १० वर्षसम्म शोरुम रहेको करिब तीन कठ्ठा कम्पाउण्ड वाल सहितको घर भाडाका लागि खाली छ । ट्र्याक्टर, कार–जिप, मोटरसाइकल शोरुम–वर्कशप, बैंक–बित्तीय संस्था, होटल, डिपार्टमेन्टल स्टोर आदिका लागि अत्यन्त उपयुक्त घर–कम्पाण्ड आवश्यक पर्ने व्यक्ति, फर्म, वा संघ–संस्थाले सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. र ठेगाना

मो.नं. ९८१६७६८९५०, ९८५२८३०९५०

कुशवाहा चौक, लहान–३ नं. रोड

सोनालिका ट्र्याक्टर रहेको घर




फ्रेन्डस मोडेल हस्पिटल, लहान-8

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू

NICU सहितको प्रसुति सेवा

२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू

| | |
|---|---|
| बालरोग विशेषज्ञ | डा. वृजेन्द्र यादव |
| मधुमेह, प्रेसर | डा. ल्युस्युन यादव |
| प्रसुति रोग विशेषज्ञ | डा. विरेन्द्र यादव |

# कहाँ चुक्यो नेपाली राजनीति ?

६५ वर्ष लामो नेपाली जनताको माग तथा अथक संघर्षपछि ऐतिहासिक संविधानसभाले जारी गरेको २०७२ सालको संविधान एउटा पार्टीको हातबाट अर्को पार्टीको हातमा सरकारको डाडु पन्युँ पुऱ्याउनका लागि थिएन । यो नेपालको सत्ताको वर्ग चरित्र र सारमै आधारभूत परिवर्तन ल्याउनका निम्ति थियो ।

नयाँ संविधानले किराँत शासनकालदेखि कायम रहेको सामन्ती राजतन्त्रलाई उन्मूलन गरेर लोकतान्त्रिक गणतन्त्र स्थापना गरेको थियो र यो गणतन्त्रको निर्दिष्ट दिशा समाजवाद भनेर खुलस्त बताइएको थियो । अढाइ सय वर्षदेखि नेपालमा विद्यमान एकात्मक र केन्द्रीकृत राज्यलाई पनि यसले समाप्त पारेर संघात्मकता स्थापना गरेको थियो ।

डेढ-दुई हजार वर्षदेखि नेपालमा रहेका हिन्दुहरूको एकल धार्मिक राज्यलाई धर्मनिरपेक्ष राज्यले प्रतिस्थापित गरेको थियो । यसले महिला र दलितलाई राज्यका हरेक निकायमा समानुपातिक सहभागिता हुने मौलिक हकसमेत प्रदान गरेको थियो । यी सबै संवैधानिक घोषणाहरु व्यवहारमा अनुवाद हो भने यी उपलब्धिहरु सामान्य हुने होइनन् । यी सामन्ती युग अन्त्य गरेर पुँजीवादी-समाजवादी युग प्रारम्भ गर्ने खालका उथलपुथलकारी राजनीतिक परिवर्तन हुन् ।

यी उपलब्धिका बाबजुद संविधानमा खोट पनि प्रशस्तै छन् । आदिवासी जनजाति र मधेसीले खोजेको आर्थिक, राजनीतिक र भाषिक-सांस्कृतिक स्वशासन र स्वायत्तताको अभावमा यो संविधानमा उनीहरूले अपनत्व नै महसुस गर्न सकेका छैनन् । खसीको शरीरमा चितुवाको टाउको जोडिएजस्तै समाजवादी लक्ष्य बोकेको भनिएको शासन व्यवस्थामा शासकीय संरचनाचाहिँ पुँजीवादी संसदीय प्रकारको राखिएको छ । चुनाव प्रणाली पनि अति महँगो अपनाइएको छ, जसले हरेक परिवर्तनकारी समाजवादी दललाई कालान्तरमा पुँजीवादी तथा भ्रष्ट बनाउने र यो चुनाव प्रणालीमार्फत कुनै गरिब वा श्रमिक चुनाव लडेर कुनै पनि तहको सरकारमा आउन नै अति कठिन हुन जाने बनाइएको छ ।

संघीय प्रणालीमा जाँदा प्रदेश र स्थानीय तहलाई अत्यधिक शक्तिसम्पन्न बनाउनु पर्नेमा प्रदेशलाई अधिकारका हिसाबले अत्यधिक कमजोर र स्रोतसाधनका हिसाबले लगभग रित्तो बनाइएको छ । केन्द्रीकृत शासनमा झैँ स्रोतसाधनको सारा अधिकार केन्द्रमा थुपारिएको छ । यस हिसाबले संघीय प्रदेश प्रकारान्तरले पंगु बन्न जाने र नाम संघीयता काम केन्द्रीयता हुन जाने निश्चित छ जुन अहिले व्यवहारमा देखिँदै छ पनि ।

परन्तु, यो संविधानको सकारात्मकता के छ भने यसमा देशको सार्वभौमसत्ता र जनताको हातमा राजकीय सत्ताको विषयबाहेक सबै कुरा संवैधानिक बाटोबाट संशोधनीय बनाइएको छ । संविधान संशोधनको उपायबाट यसमा बदल्न नसकिने कुरा केही छैन । विश्वमा जुनसुकै देशमा जति राम्रो संविधान ल्याए पनि, सम्पूर्ण राजनीतिक प्रणाली नै बदले पनि त्यसको सफलता त्यो संविधान र प्रणालीलाई कार्यान्वयनमा ल्याउने पात्रहरु र उनीहरूको सोच तथा प्रवृत्तिमा भर पर्दछ । गलत पात्र वा बेठीक नेतृत्वको हातमा परे असाध्य राम्रो प्रणाली पनि दुर्घटनाग्रस्त हुने हुन्छ । सही नेतृत्व वा पात्रका हातमा परे कमसल प्रणालीले पनि गतिला उपलब्धिहरु दिन सक्ने सम्भावना हुन्छ ।

सिंगापुरको राज्य प्रणाली नेपालको भन्दा कुनै पनि कोणबाट उत्तम थिएन । तर त्यहाँ तानाशाह भएर पनि देशलाई अचाक्ली माया गर्ने लि क्वान युको विकासप्रेमी नेतृत्व पर्दा सिंगापुर दुई-तीन दशकमै निकै अविकसित मुलुकबाट विकसित मुलुकमा रूपान्तरित भयो । स्केण्डिनेभियन क्षेत्रका सबै मुलुक नेपालको जति प्राकृतिक स्रोत साधनले धनी पनि देखिँदैनन्, राजनीतिक प्रणालीको हकमा पनि पाँचमध्ये तीन स्केण्डिनेभियन मुलुक- नर्वे, स्वीडेन, डेनमार्कमा त संवैधानिक राजतन्त्र अझै बाँकी छन् । तर देशप्रेमी, उत्तम र स्वच्छ नेतृत्वका कारण संसदीय लोकतन्त्रअन्तर्गत पनि ती मुलुक विश्वमै अत्यधिक विकसित देश हुन पुगेका छन् । शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, सुशासन र धनी गरिबबीचको खाडल साँघुरो पार्ने कुरामा त तिनले विश्वमै सबै मुलुकलाई उछिनेका छन् । चीन र नेपालमा झण्डै उही समयमा क्रान्ति भएको हो । तर देशलाई औधी माया गर्ने सक्षम नेतृत्वका कारण चीन आज कहाँ पुगेको छ, नेपाल कहाँ । नेपालभन्दा दश वर्षपछि क्रान्ति भएको क्युबाले शिक्षा र स्वास्थ्यको विकासमा अमेरिकालाई समेत पुड्को

**श्याम श्रेष्ठ**

बनाएको छ । तर, ब्रेझनेभ, गोर्वाचोभ र येल्सतिनको हातमा पर्दा महाशक्तिशाली तथा अति विकसित समाजवादी सोभियत संघ पनि विघटनको दिशामा गयो ।

यही हुनाले राजनीतिक व्यवस्था मात्र राम्रो भएर पुग्दैन, त्यो सञ्चालन गर्ने नेतृत्व पनि त्यत्तिकै राम्रो हुनु अपरिहार्य हुन्छ । यो गाडी मात्र अब्बल परेर पुग्दैन, त्यसलाई हाँक्ने ड्राइभर पनि त्यत्तिकै योग्य र अनुभवी हुनुपर्छ भने जस्तै हो । जँड्याहा बेपर्वाह हाँक्ने चालकको हातमा पर्दा नयाँ ल्याण्डरोभर गाडी पनि जुनसुकै बेला सडकबाट त्रिशूलीमा गुल्टिन सक्छ भन्ने कुरामा विमति राख्ने ठाउँ छैन ।

२०६२-६३ को ऐतिहासिक जनआन्दोलन यताको नेपालको दुर्गति यसमा रह्यो कि हामीले राजनीतिक प्रणाली पहिलेको तुलनामा राम्रो छान्यौँ तर त्यसलाई सञ्चालन गर्ने नेतृत्व त्यत्तिकै असल छान्न सकेनौँ । हामीले राजनीतिक प्रणाली आमूल रूपमा बदल्यौँ तर त्यसलाई हाँक्ने पात्रहरु, तिनको प्रवृत्ति र चरित्र त्यहीअनुसार बदल्न सकेनौँ । एउटा ऐतिहासिक लोकतान्त्रिक क्रान्तिपछि पनि हाम्रो राजनीतिक दलको नेतृत्व उही पुरानो रह्यो, जो आफ्नो सानो स्वार्थ समूह वा गुटबाहेक देश र जनतालाई माया गर्न जान्दैन ।

र, जो २०४६ सालको जनआन्दोलनपछिको पटक-पटकको राज्य सञ्चालनको अनुभवमा अयोग्य, अनैतिक र अक्षम सावित भएको छ । हाम्रो राज्यसंयन्त्र पनि पुरानै रह्यो, जो दशकौँको अनुभवमा भ्रष्ट, अजनमुखी र परिवर्तनको बाधक देखिएको छ । हामीले त्यो राजनीतिक नेतृत्व र राज्य संयन्त्रलाई जनआन्दोलनको मर्मअनुरूप रूपान्तरित गर्न सकेनौँ । नेपाली राजनीति त्यहीँ चुक्यो ।



एक दशक लामो क्रान्ति भनिएको सशस्त्र संघर्षपछि शान्ति सम्झौता गरेर सरकारमा आएको माओवादी नेतृत्वले आफ्नो पहिलो शासनको प्रारम्भमै साहसिलो र गहकिलो तयारीसहितको प्रयास गरेको भए त्यसले नेपालको दलतन्त्र, शासन व्यवस्था र राज्ययन्त्र सबैलाई क्रान्तिकारी रूपान्तरणको दिशामा बदल्न सम्भव थियो । त्यो बेला धेरै मानिस परिवर्तनका लागि तयार पनि थिए । तयार नभएकाहरु भयभीत भएर पनि तयार हुने मनस्थितिमा थिए ।

परन्तु, त्यति ठूलो विद्रोहपछि सत्तामा आएको माओवादीले इतिहासमा विरलै आउने अपूर्व ऐतिहासिक अवसर उत्तिकै गुमायो । उसले यो कठिन तर सम्भव रूपान्तरणकारी कार्यको थालनी गर्नुको सट्टामा बनिबनाउ सत्ता संयन्त्रमै आफूलाई विलीन तथा अनुकूलित हुने सजिलो बाटो रोज्यो । माओवादी नेतृत्व त्यहीँ नराम्ररी चुक्यो, जसको मूल्य सिंगो देशले धेरै लामो समयसम्म चुकाइरहनुपर्नेछ ।

अहिले नयाँ संविधान जारी भएपछि सिंहदबारको घुम्ने मेचमा आएको केपी ओली नेतृत्वको दुईतिहाइको सरकारलाई पनि माओवादीलाई जस्तै देश बदल्ने र राज्यसत्ताको स्वरूप र चरित्र नै बदल्ने ऐतिहासिक अवसर प्राप्त भएको थियो । यो जति राज्यका सबै तहमा ज्यादै बलियो उपस्थिति भएको निर्वाचित सरकार इतिहासमा कहिल्यै गठन भएको थिएन ।

परन्तु, केपी ओली नेतृत्वको सरकारले पनि आफ्नो कार्यकालको पहिलो तीन वर्षमा गर्नुपर्ने एवं गर्न सक्ने राज्यसत्ताको सार र वर्ग चरित्रमै परिवर्तन गर्नेखालको कुनै रूपान्तरणकारी नगरी महत्त्वपूर्ण समय उत्तिकै गुजारिसकेको कसैबाट छिपेको छैन ।

न त उसले कृषिमा क्रान्ति गर्न सक्यो, न प्रगतिशील भूमि सुधार, न उसले शिक्षा व्यवस्थामा व्यापक रूपान्तरण गर्न काम थाल्यो, न औद्योगिक क्रान्ति, न राज्यका हरेक संयन्त्रमा व्यापक लोकतान्त्रिक सुधार गर्ने कार्य । बरू उल्टो, भिन्न मतप्रतिको असहिष्णुता, अत्यधिक अहंकार, निरंकुश प्रवृत्ति र चरम व्यक्तिवादी गतिविधिका कारण संसदमा कायम रहेको आफ्नो करिब-करिब दुईतिहाइ नजिकैको बहुमत पनि गुमायो, पार्टीलाई पनि विभाजनतिर धकेल्यो । फलस्वरूप: इतिहासमा विरलै प्राप्त हुने नेपालको सत्ताको चरित्र नै बदल्ने अभूतपूर्व अवसर उसले पनि अनाहकमा गुमाएको छ । ऊ आफ्नो दायित्वबाट यसरी चुकेको छ जसको मूल्य सिंगो देशले यतिबेला चुकाउँदै छ ।

यी सबै परिघटनाको परिणाम के भएको छ भने विश्व नै हल्लाउने लोकतान्त्रिक क्रान्तिपछि पनि नेपालको लोकतान्त्रिक सत्ताको स्वरूप, सार र वर्ग चरित्र नै बदल्न काम चोखै बाँकी रह्यो । यसलाई समाजवादी दिशामा लान खोज्ने पनि कोही भएनन् । सशस्त्र विद्रोहबाट आएको माओवादी र चुनावमा झण्डै-झण्डै दुईतिहाइ बहुमत पाएर आएको केपी ओलीको कथित् 'वामपन्थी सरकार' दुवै पुरानो यथास्थितिवादी पुँजीवादी सत्तामा विलीन एवं अनुकूलित हुन मात्र तयार भए । लोकतान्त्रिक गणतन्त्र र समाजवाद उन्मुखता केवल रामनामी वस्त्र तथा लामाको मन्त्र जप्ने मालाजस्तो मात्र हुन गएको छ ।

कृषि क्रान्ति, भूमिसुधार, औद्योगिक क्रान्ति र समग्र आर्थिक-सामाजिक-सांस्कृतिक क्रान्ति हुन नसक्नाले परिवर्तन गाउँमा र किसान-मजदुरजस्ता तमाम गरिखाने वर्गकहाँ विस्तारित हुन सकेन । पुराना उत्पादन सम्बन्धहरु र वर्ग सम्बन्धहरु परिवर्तित हुन पाएनन् । उत्पीडन र शोषणको रूप मात्र बदलियो, उत्पीडन र शोषण समाप्त भएन । पुरूषको सत्ता, सत्तारूढ जाति र भाषाको सत्ता, खस-आर्यमध्ये पनि ब्राह्मणको सत्ता, गाउँगाउँमा विचौलिया, जाली फटाहा र नव धनाढ्य वर्गको सत्ता र जताततै निरंकुश पार्टी नोकरशाहको सत्ता-सबै यथावत् कायम रहन गएको छ । पार्टी नोकरशाहको पुट पाएर देशव्यापी रूपमा दलाल-नोकरशाह वर्गको सत्ता, ठेकेदार र डनको सत्ताको बिगबिगी चर्किएको छ ।

प्रश्न उठेको छ- यत्रो ठूलो राजनीतिक क्रान्ति भयो भनिन्छ, आमनागरिकका लागि खास तात्त्विक महत्त्वको परिवर्तनचाहिँ के भयो त ? जब राजनीतिक क्रान्ति हुन्छ परन्तु त्यो सँगसँगै त्यहीस्तरको समाजको सबैभन्दा तल्लो पिँधमा रहेका जनताको आमजीवनस्तर र जीविकामा तात्त्विक परिवर्तन गर्ने खालको आर्थिक-सामाजिक क्रान्ति हुँदैन ।

राज्यको हरेक संयन्त्रमा, खासगरी, प्रहरी, प्रशासन र न्यायालयमा आमनागरिकको सहज पहुँच हुने खालको परिवर्तन हुँदैन, सर्वसाधारण जनताका लागि त्यो राजनीतिक क्रान्ति खोक्रो र अर्थहीन हुन्छ । यही हुनाले हरेक राजनीतिक क्रान्तिले आर्थिक-सामाजिक क्रान्ति र राज्ययन्त्रमा व्यापक जनमुखी सुधार अनिवार्य रूपमा खोज्छ ।

के स्पष्ट हुन आवश्यक छ भने कुनै पनि राजनीतिक प्रणाली वा त्यसको नाम सविधानमा बदलिँदैमा सत्ताको सार र चरित्र स्वत: बदली हाल्दैन । सरकार बदलिनु र सत्ता बदलिनु भनेको विल्कुलै फरक कुरा हो । प्रधानमन्त्री सुशील कोइरालाको ठाउँमा केपी ओली आएर सरकार त बदलिन्छ तर सत्ताको स्वरूप, चरित्र र सार बदलिँदैन ।

त्यसका लागि विशेष क्रान्ति, विशेष पहलकदमी र विशेष सुधारको निकै लामो अटुट शृंखलाको आवश्यकता पर्दछ । यसका लागि माथिदेखि समाजको जगसम्म थोत्रो-पुरानो आर्थिक-सामाजिक सांस्कृतिक संरचना भत्काएर नयाँ संरचना निर्माण गर्नुपर्ने हुन्छ । यसका निम्ति उत्पीडक वर्ग र उत्पीडित

______*बाँकी ४ पेजमा*

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज लाभ,हानी,आय,व्यय,सुख,दुख वरावरी मध्यम खालको दिनछ तर ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । प्रेममा बाधा पनि आउन सक्छ ।

**वृष** :- अरूलाई प्रभावित पारेर काम बन्नेछ । मनोरञ्जनमा सहभागी भइएला । परिवारिक सद्भाव बढ्नेछ । लगानी र व्यवसायमा पर्याप्त लाभ मिल्नेछ ।

**मिथुन**:- आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ । अचल सम्पत्ति हात पर्ने योगछ । शेयर बजार, कलकारखाना र बन्द व्यापारमा फाइदा नै हुनेछ ।

**कर्कट** :- आज बन्न लागेको काम विग्रनसक्छ । सामान हराउने वा चोरी हुने भयछ । दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला सचेत रहनुहोला ।

**सिंह**:- नयाँ कार्यको थालनी हुनेछ । लगनशीलताले कामहरु अगाडी बढ्नेछन । वित्तिय संस्थाबाट सहयोग पाईनेछ । पदोन्नतीको सम्भावना प्रवलछ ।

**कन्या** :- आज धर्म कर्म,परोपकार,समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ । रोकिएको धन पाइएला । अतिथिको रूपमा सत्कार पनि पाइनेछ ।

**तुला** :- आज शुभकार्यको चर्चा चल्नेछ । परिवारमा सुख सन्तोष छाउनेछ । कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेलाछ ।

**वृश्चिक** :- सरकारी निकाएको भय रहला । व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ । अविश्वाश उत्पन्न हुनेछ । घर परिवारमा झैँ-झमेलाको अवस्था आउन सक्छ ।

**धनु** :- आज आफन्तसंग भेट घाट हुनेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । स्वादिष्ट भोजन पाईनेछ । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ ।

**मकर**:- आज प्रेमीको सहयोग प्राप्त हुनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । न्यायिक कार्यमा सफलता मिल्नेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**कुम्भ**:- वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । राज्यबाट मान सम्मान पाइनेछ । शुभ समाचार सुन्न पाइएला । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ ।

**मिन** :- जोश जाँगर र हिम्मत बढ्नेछ । आकस्मिक धन लाभ हुनेछ । सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ । दाम्पत्य जीवन सुखमय हुनेछ ।

# धमिलो राजनीति

## सरोकार

अम्बराज मिश्र



**हि**जो आज नेपाली राजनितिले अग्रगामी फड्को मार्दैछ । खासगरी सत्ताधारी कम्युनिस्ट पार्टीको पदिय किचलोबाट सुरू भएको खिचातानीले राजनीति जगतमा बहसको विषय बनेको छ ।

विषय झन झन जटिल बन्दो छ, चिया पसल, चौतारी, सेमिनार, पार्टी स्थलहरूमा २/४ जनाको जमातमा यस राजनीति विषयले सबैको जिब्रोको मसाला बनेको छ, मसाला स्वादिष्ट, पिरो, अमिलो, चर्को वा गुलियो आ–आफ्नै स्वादले अर्थ दिईरहेकै होला ।

गफमा खप्पिस र कानुनमा जानीफकारहरू हिजो आज घरमा भन्दा चौक चौराहाको भिडको नेता वा वकिलको रूपमा काम पाईरहेका छन ।

*ताई न तुई , हातमा लाग्यो दुई*

सिंगो पार्टी हाँक्न सक्ने सफल नेताका रूपमा स्थापीत कम्युनिस्ट पार्टीका अध्यक्ष तथा सरकार प्रमुख प्रधानमन्त्री खड्ग प्रसाद ओलीले आफ्नै अध्यक्षतामा अर्थात प्रधानमन्त्री भएको बेला नै सबै कम्युनिस्टहरूलाई एक सुत्रमा लैजाने क्रममा सर्वप्रथम नेकपा माओवादी केन्द्र पार्टीलाई समेटेका थिए । यसरी समेट्ने क्रम जारीरहेको बेला नै नेकपा केन्द्रबाट समेटीनु भएका प्रचण्डको राजनीति तानाबुनाले झलनाथ, माधव जस्ता नेताहरूलाई आफ्नो खेमामा ल्याएर विभिन्न चरणमा के पी ओलीको सत्तो सरापमा लागि परेका थिए ।

सत्तो सराप गर्ने क्रममा हिजोका दिनहरू देशका हरेक कुनामा गएर आन्दोलनमूखि स्टेजहरूमा ओलीका कमि कमजोरीहरू जनतालाई पस्कने कहिल्यै र कुनै आफ्ना खेमाका भनाउँदाहरू नेपाल, खनाल, रावल, भट्टराई, श्रेष्ठहरूको उग्रता देखेर अब चै ओली सिध्याउने नै भए झैं पारेका थिए । ओलीलाई एक्लो पारेर सबै दल र तिनका भातृसंगठनहरू समेत दिनहुँ कुर्लेका कुराहरू आज सपना झैं पारिएको छ ।

तर, एकाएक सर्वोच्च अदालतको सँसद बिघट्न सम्बन्धी सिफारिसको फैसलाले पराजय पाए पछि त झन झन राजनीतिले उग्ररूप लिन थाल्यो, सँसद ब्युतिए पछी प्रधानमन्त्रीले नैतिकताको आधारमा राजिनामा दिनु पर्छ भन्ने आवाजलाई राष्ट्रब्यापी पारियो ।

अदालतले १३ दिन भित्र सँसद बैठक बोलाई सबैभन्दा ठुलो दलले सरकार गठन गर्नु भनी समय सीमा तोकि आदेश भएकोले पक्ष बिपक्षहरू सबै जोड घटाउमा लागेका मात्रै के थिए, कांग्रेस बाहेकका दलहरूको ठुलो उठबस सुरू हुन थालेको थियो । सत्तामा जान आतुरहरू दलगत सिद्धान्त तथा मर्महरू बिर्सेर रस्साकस्सी तिर लम्केको देख्दा आफैमा जनताहरू लज्जित मुद्रामा देखिनु स्वाभाविक मानिएको छ । कहिले कांग्रेससँग सौदावाजी त कहिले जसपासँग सत्ताको भागवण्डाको लागि दिनरात नेताहरू भोक प्यास नभनि राजनीति बैठक तथा कोठे राजनीति, किचेन राजनीतिको कानेखुशि गर्दा गर्दै समयले फेरि अर्को कोल्टो फेर्‍यो ।

तराईमा मधेसको एकल स्वायत्तराज्य बनाउने प्रस्ताव बोकेको सि के राउतलाई बिगतमा वार्तामा ल्याई र भूमिगतमा रहेको बिप्लव माओवादीसँग सरकारले वार्ता गर्‍यो, वार्ता सम्पन्न हुदाँहुदै फेरि दल र दलको छाप र चिन्ह बारे अर्को फैसलामा नेकपा भन्ने दल ऋषि कट्टेललाई र नेकपा एमाले भन्ने दल – तिवारीलाई दिईएको निर्णयले संसदमा रहेका नेकपाका १७४ सांसदहरू अर्को भुमरीमा फस्न बाध्य भए ।

सत्ताको बागडोर सम्हाल्ने केपी ओली हिजोआज सबैभन्दा बढी सांसद भएको सँख्यामा देखा परेका छन । ओलीले हिजो बोलेको कुरो र गरेको अड्कल अनुसार नै आज पूरा हुनु 'स्याल कराउनु र बाख्रा हराउनु' जस्तै साबित भएको छ । यसलाई जनताले ओलीको दूरगामी षडयन्त्र अन्तर्गत सहपाठी बनाईएका प्रचण्डलाई बैध, बिप्लव, बाबुरामहरूले छाड्दै गएर के पि ओलीको सहारामा पुगेका हुन भन्ने आम जनताको बुझाइ छ । साहारा पाउने आशामा आएका प्रचण्डलाई आफ्नो खेमामा बलियो साथीको रूपमा लिन हरेक प्रस्तावहरूमा सहजता र लचकता दिने आभास पाएका प्रचण्डले भित्रीरूपमा खेमा खेमामा षडयन्त्र गरेर दलको अध्यक्ष तथा प्रधानमन्त्रीमा धाबा बोल्ने आशंका पाएका ओलीले पाखा लगाउने नीति लिन थालेको राजनीति वृत्तमा चर्चामा रहेको छ । र अन्ततः प्रचण्ड र प्रचण्ड पथमा रहेका आफ्नै दलका तत्कालीन साथीहरू समेत घुन सरह पिस्सिनु परेको छ । हिजो आज अदालत र निर्वाचनको निर्णय पालन गर्नु पर्ने बाध्यकारी परिस्थितिले प्रचण्ड पछि लागेका हस्ति नेताहरू समेत पुनः के पी ओली खेमामा फर्किने क्रमले ओली समूह अझ दर्बिलो देखिदैछ ।

किड्नी समस्याले ग्रस्त ओलीको दिनचर्या अब दिनानु दिन खस्कदै जाने छ र उनको अशक्तताको फाईदा लिने ठुलो मनसुवाले ग्रस्त प्रचण्डलाई झापाली गौतम बैनीको किड्नीको साथले ओलीको स्वास्थ्य सुधारले प्रचण्डको सबै सपना चकनाचुर पारेकै हो भन्नेहरूको पनि कमि छैन ।

उता जनता समाजवादी पार्टीका नेताहरू पनि उतिखेर ओलीलाई पदच्युत गर्न सडक आन्दोलनमा रहेकै हुन, प्रचण्ड माधवलाई साथ दिएकै हुन , तर बिडम्बना जब जब ओली बलियो बन्दै गए र सत्ता साझेदारी लिन हिजो सडकमा कुर्लेका ओली बिरोधी शब्दहरू चट्टै बिर्सि दिएर सत्ता लोलुपतामा ओलीसंग टास्सिने अबस्थामा पुगेका हुन कि झैं लाग्दैछ । ओलीको दल कुन ? अबको दल कुन ? कुन आधारलाई टेकेर राजनीति गर्ने हुन ? त्यो हेर्ने दिन पनि नजिकिदै छ । दलीय व्यवस्थामा दल विनाको सांसद पदको औचित्य पनि छैन, र अन्ततः ओलीले गरेको हिजोको संसद बिघट्नको निर्णय र मध्यावधि चुनाव नै अन्तिम बिकल्पको रूपमा देखिदैन भन्न पनि सर्किँदैन । यसरी मध्यावधि हुँदै जाने हो भने देशको आर्थिक अबस्था के होला ? देशको ढिकुटी चुनाव गराएरै सिध्याउँदै जाने हो भने हाम्रा गणतान्त्रीक अभ्यासको औचित्य पनि के रह्यो र ?

# काग्रेसद्वारा वर्थिङ सेन्टरलाई व्यवस्थित गर्न माग



नेपाली कांग्रेसले महिलाको प्रजनन र प्रसूति स्वास्थ्य सेवालाई सर्वसुलभ तथा निःशूल्क व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न तथा वर्थिङ सेन्टरलाई व्यवस्थित गरी मातृशिशु मृत्यदर कम गर्न माग गरेको छ ।

कांग्रेस केन्द्रीय महिला विभागको गत फागुन २९ र यही चैत १ गतेसम्म सञ्चालित वाग्मती प्रदेशस्तरीय महिला भेलाले प्रजनन र प्रसूति स्वास्थ्य सेवालाई सर्वसुलभ तथा निःशुल्क भनिएता पनि पूर्णरूपले कार्यान्वयन हुन नसकेको भन्दै यस्तो माग गरेको हो ।

बढ्दो महिला हत्या हिंसा, बलात्कारजस्ता जघन्य अपराध नियन्त्रणका लागि सबै संलग्नरून अपराधिलाई कानूनको कठघरामा उभ्याउन र दण्डहीनताको अन्त्यका लागि मौजुदा दण्ड व्यवस्थाको पुनरावलोकनका साथै मौजुदा कानूनको कठोर कार्यान्वयनका लागि समेत भेलाले माग गरेको छ ।

बालिकालाई उच्च माध्यमिक

———बाँकी ४ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६३०१५ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३–५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान–७ | ०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |
| पञ्चदेवी टेक्निकल ईन्टिच्युट लहान | ०३३–५६५४६८ |
| | ९८१६७३७३३१ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई–बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

# देशमा आएको संकट पार लगाउने जिम्मा कांग्रेसको काँधमा : सभापति देउवा

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले मुलुकलाई निकास दिन कांग्रेसको काँधमा जिम्मेवारी आएको बताएका छन् । बारा निर्वाचन क्षेत्र नं १ प्रदेशसभा (ख) को बेलदारीमा पार्टी नेता खुमबहादुर खड्काका स्मृतिमा आयोजित अन्तरराष्ट्रिय कुस्ती प्रतियोगिताको बेलदारीमा आज उद्घघाटन गर्दै देउवाले सहमति, सहकार्य र एकताका माध्यमबाट प्रजातन्त्रमा विश्वास गर्ने सम्पूर्ण लोकतान्त्रिक शक्तिलाई मिलाई पार्टी अघि बढ्ने बताए ।

देउवाले लोकतन्त्र जीवन्त रहे लोकतान्त्रिक पार्टीहरूको भविष्य रहने भन्दै संविधानको रक्षाका लागि आफ्नो पार्टी पूर्णरूपमा प्रतिबद्ध रहेको दाबी गरे । 'देशलाई कांग्रेसको खाँचो रहेको हुँदा हामी सबै कांग्रेस पार्टीको एक स्वर हुन जरूरी छ,' उनले भने, 'जनताको विश्वास र भरोसा कांग्रेसले दिनुपर्ने बेला आएको छ ।'

उनले विकास, समृद्धिसँगै विधिको शासन कायम गरी भ्रष्टाचारमुक्त समाजको परिकल्पना गर्नु नै मुलुकका लागि हितकर हुने बताए । *साभार : ईकागजबाट*



## लहान...

छ । घटनास्थल इलाका प्रहरी कार्यालय लहानबाट एक सयमिटर उत्तरमा अवस्थित छ । यसैबीच विस्फोटनको जिम्मेबारी जयकृष्ण गोइत नेतृत्वको जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी) ले लिएको छ । मोर्चाले विज्ञप्ती जारी गरी विस्फोटनको जिम्मेबारी लिएको हो । प्रेस विज्ञप्तिमा गोइत समूहले तराई–मधेसमा भ्रष्टाचार तथा अपराध बढ्दै गएको भन्दै विरोध स्वरूप विस्फोट गराएको जनाएको छ । विज्ञप्तिमा अहिले उत्पन्न परिस्थितिको जिम्मेवार केन्द्र र प्रदेश सरकार हुने पनि उल्लेख गरिएको छ ।

**विस्फोट श्रृंखला**

जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी) ले यसअघि २०७४ चैत ९ मा लहान नगरपालिका-७ स्थित मुख्य बजारको सुनचूादी मण्डीस्थित विकास ट्रेडर्समा बम विस्फोट गराएका थिए । विस्फोटनमा परि त्यत्तिखेर ७ वर्षीय बालकसहित आठ जना घाइते भएका थिए । शुक्रबार हाटको दिन सुनचूादी पसलमा ग्राहकको भीड भएकै बेला दिउसो १ बजे विस्फोट भएको थियो । लहानको मुख्य चोकस्थित नेपाल साइकल स्टोर्समा २०७४ मंसीर २८ गते, सोही चोकको अर्को पसल शुभलाभ किराना स्टोर्समा २०७४ फागुन १० गते बम विस्फोट भएको थियो । बम विस्फोटको जिम्मेबारी जयकृष्ण गोइत नेतृत्वको जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी) ले लिएको थियो । सबै विस्फोटनमा प्रेसर कुकर प्रयोग गरिएको थियो ।

सिरहाको मिर्चैया ५ स्थित वाम गठबन्धनको चुनावी सम्पर्क कार्यालयमा २०७४ मंसिर ८ गते प्रेसर कुकर बम विस्फोट भएको थियो । त्यस लगतै २०७४ पुस ७ गते शुक्रबार सिरहा सदरमुकाम सिरहा बजारस्थित मालपोत कार्यालय प्रमुखको कक्षबाहिर लबिमा राखिएको सोफामूनी दिउँसो २ बजे बम विस्फोट भएको थियो । प्रेसर कुकर बम विस्फोटमा पर्खालमा क्षति पुगेको थियो ।

त्यतिखेर मिर्चैया र लहानको विस्फोटमा जयकृष्ण गोइतद्वारा हस्ताक्षरित जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी) को अपिल फेला परेको थियो । अपिलमा 'स्वतन्त्र तराई' को माग गरिएको थियो । यसैगरी सिरहाको लहानस्थित सगरमाथा अञ्चल यातायात व्यवस्था कार्यालयमा २०७४ वैशाख २८ मा बम विस्फोट घटना भएको थियो । सेवाग्राही घुइचो रहने कार्यालयमा १२ बजेतिर ठूलो आवाजसहित भएको बम विस्फोटमा कुनै मानवीय क्षति नभएपनि शौचालयको भित्ता र झ्यालका सिसा फुटेको थियो । घट्नास्थलबाट हरियो झोलाको फित्ता, प्रेशर कुकरको सिठी र कन्टेनर फेला परेको थियो ।

## बोक्सी...

६० वर्षीय जितनलालसिंह गनगाईं, ५० वर्षीय लखनलालसिंह गनगाईं, २७ वर्षीय लक्ष्मीप्रसादसिंह गनगाईं र १९ वर्षीया हैरानी गनगाईंले कुटपिट गरेका थिए ।

हैरानीकी दिदी पुनमदेवी गनगाईंसँग भएको विवादको रिसइबीलाई लिएर बोक्सीको आरोप लगाउँदै वृद्धामाथि सामूहिक आक्रमण गरिएको प्रहरीले जनाएको छ ।

घटनामा संलग्न भएको आरोपमा लखनलाल र हैरानीलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी नायव उपरीक्षक मानबहादुर राईले जानकारी दिए । उनीहरूविरूद्ध बोक्सी आरोपको कसूरमा अनुसन्धानका लागि जिल्ला अदालतबाट आइतबार अनुमति लिएको राईले बताए । *साभार : अनलाईनखबरबाट*

## कहाँ चुक्यो...

वर्गबीचको वर्ग सम्वन्ध, सम्पत्ति सम्बन्ध र सम्पत्ति वितरण संरचनामा र राज्ययन्त्रको सबै निकाय र संरचनामा तात्विक महत्त्वको क्रान्तिकारी रूपान्तरण गरिनु आवश्यक हुन्छ ।

नेपालको राजनीतिको महाभुल यो हो कि यहाँ राजनीतिक क्रान्तिपछि आर्थिक सामाजिक र सांस्कृतिकजस्ता कुनै आधारभूत क्षेत्रमा क्रान्ति थालिएन । भुइँचालो आएर पूरै घर भत्किँदा जगैदेखि घरको पुनर्निर्माण नगरेर केवल छाना मात्र टिलिक्क नयाँ फेरे जस्तो भयो नेपालको क्रान्ति । नेपाली राजनीति यहीँ चुक्यो ।

नेपालको राजनीति केमा पनि चुक्यो भने सांस्कृतिक रूपान्तरणमा ध्यान नदिँदा यहाँका राजनीतिक दलले कागजमा त सामन्ती राजतन्त्र ढालेर लोकतान्त्रिक गणतन्त्र ल्याए । तर, बानी व्यहोरा, प्रवृत्ति, संस्कृतिमा भने उनीहरूले राजतन्त्रकै पद छाया अनुसरण गरे । यिनले सत्ता र स्रोत एकै व्यक्तिमा केन्द्रीकरण गर्ने कुरामा उत्तिकै जोड दिएजति निरंकुश राजाले दिन्थे । जनताप्रति उत्तरदायित्व नभएको निरंकुश शासन चलाउने कुरामा, हुकुमको शासन चलाउने कुरामा, योग्य मानिसमा भरोसा नगरेर आफ्ना कोटरीका भारदारमा मात्र भरोसा गर्ने कुरामा, चाकडी खोज्ने र भनसुन चलाउने कुरामा यिनको प्रवृत्ति सामन्ती राजाभन्दा केही फरक रहेन ।

नेपालका थुप्रै दलका थुप्रै नेता श्रीपेच नलाएका राजाजस्ता बनेर निक्लेका छन् । पुरानै राजतन्त्रको बानी व्यहोरा, प्रवृत्ति र संस्कृतिको निरन्तरताले आम नागरिकमा प्रश्न उठेको छ– गणतन्त्र आयो भन्थौँ तर अहिलेका नेता र पहिलेका राजामा फरक नै के छ र ? पहिले राजा एउटा हुन्थ्यो । यहाँ त अहिले दलै पिच्छे राजैराजा निक्लिएका छन् ।

नेपाली राजनीति जहाँ–जहाँ चुकिरहेको छ त्यसलाई फेर्न नेपालमा क्रान्तिभित्र क्रान्तिको आवश्यकता परेको छ । अर्थात् नेपालमा पहिले थालिएको समाजवादउन्मुख लोकतान्त्रिक क्रान्तिभित्र आर्थिक सामाजिक र सांस्कृतिक क्रान्तिको अटुट शृंखला जोड्नु जरूरी भएको छ । नत्र यो राजनीतिक क्रान्ति आम नागरिकको निम्ति कागलाई बेल पाक्यो हर्ष न विस्मात् भनेसरह हुनेछ । *साभार : शिलापत्रबाट*

## कांग्रेसद्वारा..

तहसम्मको निःशुल्क शिक्षाको सुनिश्चितता हुनुपर्ने प्रदेशस्तरीय भेला तथा प्रशिक्षण कार्यक्रमपछि जारी घोषणापत्रमा उल्लेख छ । पार्टीको वडादेखि केन्द्रसम्मका सबै तहको नेतृत्वमा सभापति वा उपसभापतिमध्ये एक पदमा र सबै तहका समिति एवं संसदीय समितिमा एक तिहाई महिला पदाधिकारी अनिवार्य हुनुपर्ने समेत माग गरेको छ । *साभार : ईकागजबाट*

**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

**-: जनहितका लागि :-**

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट् LAHANPOST DAILY

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई–बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।**

| | |
|---|---|
| बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा | अर्नमा गाउँपालिका कार्यालय, सिरहा |
| नवराजपुर गाउँपालिका कार्यालय, सिरहा | भगवानपुर गाउँपालिका कार्यालय, सिरहा |
| लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा | औरही गाउँपालिका कार्यालय, सिरहा |
| सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा | विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा |
| | नरहा गाउँपालिका कार्यालय, सिरहा |




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६४९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)